# परियत्ति बुलेटीन

वर्ष - १ अंक - २ बु.सं. २५४८ वि.सं. २०६१ ने.सं. ११२५, कछलाथ्व: ई.सं. २००४

सुत्तन्तेसु असन्तेसु, पमुट्ठे विनयम्हि च ।
तमो भविस्सति लोको, सुरिये अत्थङ्गते यथा ॥
सुत्तन्ते रक्खिते सन्ते, पटिपत्ति होति रक्खिता ।
पटिपत्तियं ठितो धीरो, योगक्खेमा न धंसति ॥

अर्थ - सूत्र रहेन भने र विनय नष्ट भयो भने यो लोक त्यस्तै प्रकारले अन्धकारले पूर्ण हुन्छ, जसरी सूर्य अस्ताउँदा हुन्छ । सूत्र रक्षा भइरहयो भने प्रतिपत्ति रक्षा हुन्छ, प्रतिपत्तिमा स्थिर भइरहने धीर पण्डित योगक्षेम निर्वाण प्राप्त गर्नमा विमुख हुँदैन । मनोरथपूरणी (अ.नि. अट्ठकथा)

## सम्पादकीय

### परियत्ति शिक्षा र बौद्ध विश्वविद्यालय

बुद्ध शिक्षाको उद्देश्य शील, सदाचारपूर्वक जीवन शुरूवात गरी चित्तलाई आफ्नो वशमा राख्नु र त्यसलाई शुद्ध गरी सम्यक्‌ज्ञानलाई साक्षात्कार गर्नु हो, जसबाट आफ्नो र परको हित हुन्छ । यस उद्देश्य पुरा गर्न नभई नहुने कुरा भनेको यसको क्रमिक अध्ययन हो । अध्ययनको क्रमिकताले नै लिएको उद्देश्य पुरा गर्न सकिन्छ ।

यही कुरालाई मध्यनजरमा राखेर बुद्धभूमि नेपालमा ४० वर्ष अगाडि श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरको सत्प्रयासले बुद्धधर्म अध्ययन गर्ने शैक्षिक संस्थाको रूपमा नेपाल बौद्ध परियत्ति शिक्षाको स्थापना भएको थियो । ४० वर्षको दौरानमा यस शिक्षालाई अध्ययन र अध्यापन गर्ने कार्यबाट नेपालको बुद्धशासनको समग्र विकासमा महत्वपूर्ण भूमिका खेलेको कुरलाई कसैले नकार्न सकिदैन ।



ने.बौ.प.शि. को सहशिक्षाध्यक्ष श्रद्धेय भिक्षु ज्ञानर्पिक महास्थविर

हाल आएर नेपालमा बौद्ध विश्वविद्यालयको स्थापनाको लागि प्रयास भइरहेको कुरा विभिन्न संचार माध्यमहरूबाट सुन्नमा आइरहेको छ । त्यसमा देशका राष्ट्रिय दलका नेताहरू समेत समावेश भएबाट साच्चै नै बौद्ध विश्वविद्यालय स्थापना हुने कुरामा आशावादी हुन सकिन्छ ।

विश्वविद्यालय स्थापनार्थ प्रधानमन्त्रीकहाँ प्रतिनिधिमण्डल जाँदा प्रधानमन्त्रीबाट बुद्ध शिक्षा एकैचोटि विश्वविद्यालय स्तरमा राख्नुको सट्टा तल्लो तहमा पनि त्यसको अध्ययन हुनुपर्ने आवश्यकताको कुरा आउँदा त्यस समूहका कोही पनि सहभागीहरूले नेपालमा ४० वर्षभन्दा अगाडिदेखि परियत्तिको अध्यापन भइरहेको कुरालाई प्रकाशमा ल्याउन नसकेको कुरा सुन्नमा आएको छ । त्यो कुरा सही हो भने अहिले विश्वविद्यालय स्थापना गर्न प्रयास गरिरहनु भएकाहरूको ठूलो अनभिज्ञता नै मान्नुपर्छ । साँच्चै हो भने भविष्यमा बौद्ध विश्वविद्यालयमा सहभागी हुने जनशक्ति भन्ने हो भने यही परियत्तिका व्यक्तित्व विद्यार्थीहरू नै हो भन्ने कुरालाई जान्नु आवश्यक छ ।

अहिले त्रि.वि.वि. मा स्थापना भएको बौद्ध अध्ययन केन्द्रीय विभागमा उल्लेख्य संख्यामा परियत्ति विद्यार्थीहरूको उपस्थितिले पनि यस कुरालाई प्रष्ट्याउँछ ।

त्यसकारण बौद्ध विश्वविद्यालय स्थापनार्थ आवश्यक श्रोत विद्यार्थीहरू, बौद्ध शिक्षाको ऐतिहासिकता र यसको अपरिहार्यताको वकालत गर्दा नेपाल बौद्ध परियत्ति शिक्षाको पनि उल्लेख भएमा यसमा शसक्तता थपिने कुरामा दुई मत कसैको हुनेछैन ।

### परियत्तिको सहयोगी बन्न अनुरोध

२०६१ वैशाख २७ गते होटल ब्ल्यूस्टार, त्रिपुरेश्वरमा नेपाल बौद्ध परियति शिक्षा सभाको दोस्रो बार्षिक सभा सम्पन्न भएको थियो । उक्त बैठकमा सहभागीहरूबाट प्राप्त भएको सुझाव अनुसार मिति २०६१ कार्तिक १६ गते विश्व शान्ति विहारमा बसेको नेपाल बौद्ध परियत्ति शिक्षा परिषद्‌को बैठकले निर्णय गरे बमोजिम नेपाल बौद्ध परियत्ति शिक्षालाई अझ सुदृढ र विकास गर्नको लागि एउटा कोष बनाउने उद्देश्यले कम्तिमा मासिक रू.१०/- अथवा सो भन्दा माथिको रकम सहयोगस्वरूप आफ्नो श्रद्धाले दिन चाहनुहुने महानुभावहरूले यथाशक्य सहयोग गरिदिनुभई बौद्ध परियत्ति शिक्षाको विकास र सम्बर्द्धनमा सहयोग पुऱ्याइदिनुहुन विनम्र अनुरोध गरिन्छ । यसको लागि ने.बौ.प.शि.को सम्पर्क सचिवालयमा सम्पर्क राख्नु हुन पनि अनुरोध गरिन्छ ।

# आखिर किन चाहियो परियत्ति शिक्षा ?

- भिक्षु संघरक्षित "सद्धम्म कोविद"

विहारमा आएर वर्षौंवर्षसम्म पनि आफूलाई समर्पित गरिसकेका उपासक उपासिकाहरूले पनि जब आफ्ना छोरा-छोरीहरू अनि नाति-नातिनीहरूलाई परियत्ति शिक्षा पढाउनबाट आनाकानी गर्दछन्, उही सम्बाद "के गर्ने भन्ते, बच्चाहरूलाई स्कूलकै पढ्नमा गाऱ्हो छ, भ्याउँदैन" भन्ने कुरा सुन्न पुग्छु, अनि मनमा विचार आउन थाल्दछ - किन चाहियो आखिर परियत्ति शिक्षा ?

परियत्ति शिक्षाबाट न जागिर पाउने हो, न त धन नै। यदि बुद्धका उपदेशहरूनै जान्ने हो भने त घरमै बसी बसी फुर्सदका समयमा एउटा दुइटा बौद्ध पुस्तकहरू अनि क्यासेटमा भएका कथाहरु भजनहरु सुने पनि त भयो। दुःख गरी बिहान बिहानै बिदाको एकदिन शनिवार पनि विहारसम्म किन गइराख्नु पऱ्यो नि त ?

नेपाल बौद्ध परियत्ति शिक्षाको संचालन भएको चार दशक नाघेको छ तर यस समयावधिभित्रमा परियत्ति शिक्षालाई पूर्ण गरी "परियत्ति सद्धम्म कोविद" उपाधि धारण गर्ने व्यक्तिहरू ४० जना पनि पुगेको छैन। मान्छेहरुबाट सुन्नमा आउछ, परियत्ति शिक्षाको प्रमाणपत्र लिएर हुने नै के हो र ? कसले पो मान्यता दिएको छ र ? बुद्धको शिक्षा जान्न त अलि अलि पढे पनि पुगिहाल्यो नि।

विगत ५, ६ वर्षदेखि परियत्ति शिक्षालाई पढाउँदै आएको अनुभवमा पनि परियत्ति विद्यार्थीहरूलाई नजिकैबाट चिन्ने प्रयास गरेको छु। यहाँ त अत्यधिक विद्यार्थीहरू साथीहरूको लहलहैमा, रमाइलो लागेर अनि फुर्सदको समय व्यतित गर्नमात्र आएको देखिन्छ। मनैले पढ्न आउने विद्यार्थीहरू पनि नभएका होइनन् तर औंलामा गन्न सक्नेजतिमात्र। बाकी विद्यार्थीहरू त एकजना साथी नआएमा पनि छोडिदिने, अलिकति रमाइलोको महसुश नभएमा पनि नआइदिने, स्कूलमा अलि बढी जोड दिनुपऱ्यो भने पनि छोडिदिनेहरू नै धेरै छन्।

परियत्ति शिक्षाको व्यवस्थामा सुधार नआएको पनि होइन अनि विकास नभएको पनि होइन, तर पनि परियत्ति शिक्षाको लामो यात्राले जुन स्वरूप लिनुपर्ने हो अथवा जुन स्वरूपमा पुग्नसक्ने हो, त्यसमा पग्न नसकिरहेको कुरा जोसुकैले पनि महसुश गर्नसक्ने हो।

श्रद्धा हुनेहरूको लागि, भित्री मन हुनेहरूको लागि बुद्धका शिक्षा अध्ययन गर्नको लागि परियत्ति शिक्षा नै भनेर पढिराख्नुपर्ने पनि देखिदैन। उनीहरूले बौद्ध ग्रन्थहरू तथा राम्रा पुस्तकहरू पढ्न सकिन्छ, विहारमै गएर सोझै भन्ते अनगारिकाहरूसंग धार्मिक छलफल गरेर पनि धेरै कुराहरू सिक्न सकिन्छ। लोकमा श्रद्धा हुनेहरू कममात्रै हुने गर्दछ। हामीले परियत्ति शिक्षालाई बहुजन हिताय बहुजन सुखायमा केन्द्रीत गर्दै जाने हो भने ती बृहद् समुदायलाई समेत्ने प्रयास गर्नुपर्ने तड्कारो हुन्छ। यसको लागि सम्बन्धित क्षेत्रबाट सबैले भरमग्दूर कोशिस हुनुपर्दछ।

नयाँ विद्यार्थीहरू थपिदै जान्छ, पुरानोहरूले छोडिदै जान्छ भने परियत्ति शिक्षाको औचित्य नै के रह्यो र ? जुन यहाँ पनि छ। जान्ने बुझ्ने उपासक उपासिकाहरूले नै आफ्ना बच्चाहरूलाई परियत्ति शिक्षालाई हल्कारूपमा लिन्छ भने अन्यत्र क्षेत्रमा भन्ने नै के र ? समस्या अनि संघर्षका कुराहरू बढी छन्, त्यसलाई सहीरूपमा समाधान गर्न र राम्ररी बुझाउनतिर नलाग्ने हो भने परियत्ति शिक्षा अबका समयमा पनि के होला र ? भन्ने किसिमले हात पल्टाउँदै बस्नुपर्ने कुरामा दुई मत छैन।

परियत्ति शिक्षालाई दृढरूपमा परिचालन गर्नको लागि सबैभन्दा पहिला त अभिभावक वर्गमा यसको चेतना ल्याउनु पर्दछ। स-साना बालबालिकाहरू भनेका आफ्ना अभिभावकको निर्देशनमा चल्ने र त्यसैमा बढी रमाउने भएको हुनाले परियत्ति शिक्षाको महत्व र उपादेयता बारे पनि ती वर्गलाई नै बढी बुझाउन पहल गर्नुपर्ने देखिन्छ। नत्र त नित्य विहारमा आएर कथा सुनिराख्ने, दान दिइराख्ने, शील पालना गरिराख्ने उपासक उपासिकाहरू भएर पनि परियत्ति शिक्षालाई आवश्यक तर जोड दिन नपर्नेरूपमा लिन के बेर ? र लिइहालेमा पनि के नै आश्चर्य ?

यस अलावा पनि परियत्ति शिक्षाको महत्व र जीवनमा यसको फाइदाबारे सार्वजनिक गर्नको लागि बरोबर जनचेतना ल्याउनको लागि पनि विभिन्न रचनात्मक कार्यहरूको समायोजना गर्नुपर्ने देखिन्छ। बुद्धको नीति पनि हो, कुनै व्यक्तिलाई नियम र सिद्धान्तमा बाधिनु भन्दा बरु त्यो व्यक्तिलाई त्यसबारेमा बुझाइदिनु पर्दछ। बुझेपछि त्यो व्यक्तिलाई कर गर्नै पर्दैन, आफैले धारण गरिहाल्छ नि।

केवल पाठ्यक्रममा मात्र सीमित नभई रोचक र रमाइलो ढंगले विभिन्न कुराहरू ल्याई, जानकारीहरू दिलाई अध्ययन अध्यापन गराउनुपर्दछ, जसले गर्दा पुराना तथा ठूला भइसकेका विद्यार्थीहरूमा परियत्ति शिक्षा पढिरहन र परियत्ति केन्द्रहरूमा पुगिरहन कुनै आलस्यता नलागोस्। त्यस्तै, समय समयमा विविध रचनात्मक अतिरिक्त कार्यक्रमहरू पनि भइराख्नु पर्दछ।

हो, परियत्ति शिक्षा भनेको भौतिक सुख, सुविधा अनि धनसम्पत्ति जागीरको लागि होइन। मान्छेको चरित्र राम्रो र उच्चस्तरको बनाउनको लागि हो।

मान्छेलाई मान्छेसरि व्यवहार गर्न अनि मान्छे वास्तवमै मान्छे भई जिउनको लागि हो। यसका बावजुद पनि परियत्ति शिक्षाले प्रत्यक्ष परोक्षरूपमा भौतिक जीवनमा पनि ठूलो योगदान पुऱ्याइरहेको हुन्छ, जीवनका पाइला पाइलामा महत्वपूर्ण भूमिका खेलिराखेको हुन्छ। वास्तवमा परियत्ति शिक्षाको मूल लक्ष्य पनि यही हुनुपर्छ।

## बु.सं. २५४८ वर्षको ने.बौ.प. शि.को परीक्षा कार्यक्रम

यस वर्षको परीक्षा पनि गत वर्ष भैं दुई चरणमा हुने भएको छ । परीक्षा कार्यक्रम अनुसार प्रारम्भिक प्रथम वर्ष (कक्षा–१) देखि प्रवेश तृतीय वर्ष (कक्षा-६) सम्मको लागि यही आउादो माघ ९ गते शनिबारदेखि माघ १२ गते मंगलबारसम्म पहिलो चरण र सद्धम्म पालक उपाधि (कक्षा - ७) देखि कोविद अन्तिम वर्ष (कक्षा-१०) सम्मको लागि माघ १६ गते शनिबार देखि माघ २६ गते मंगलबारसम्म संचालन हुनेछ ।

(१) परीक्षाको आवेदन फर्म वितरण वि.सं.२०६१ साल कार्तिक २२ गतेदेखि
आवेदन फर्म बुझाउने अन्तिम दिन मंसिर मसान्तभित्र।
ढीलो दस्तुर सहित आवेदन फर्म पुष १० गतेसम्म मात्र

(२) प्रवेश-पत्र (अधकट्टी) वितरण-पुष १५ गते ।

(३) परीक्षार्थी नामावली र प्रवेश(पत्रमा त्रुटी सच्याई सक्नुपर्ने - पुष २२ गतेभित्र ।

(४) वि.सं.२०६१ साल चैत्र १ गते नतिजा गतवर्षहरूमा भैं सन्ध्या टाइम्स् दैनिकीमा प्रकाशित गर्ने ।

(५) वि.सं.२०६१ साल चैत्र २७ गते शनिवार दीक्षान्त समारोह.गर्ने ।

### आव्हान

विगत ४१ वर्ष अगाडिदेखि निरन्तररूपमा संचालन हुँदै आएको नेपाल बौद्ध परियत्ति शिक्षाको विकास र अभिवृद्धिको लागि तपाईंहरूले निम्न प्रकारले सहयोग गर्नसक्नु हुनेछ :-

(क) प्रधान केन्द्रबाट हुने दीक्षान्त समारोह र शाखा केन्द्रहरूमा हुने पुरस्कार वितरण कार्यक्रममा सहयोग जुटाएर ।

(ख) विभिन्न ठाउमा अध्यापन गराउन जाने परियत्ति शिक्षाको शिक्षक/शिक्षिकाहरूलाई गाडी भाडाको प्रायोजन गरेर ।

(ग) परियत्तिका विभिन्न तहका पाठ्यपुस्तकहरू प्रकाशन गरिदिएर ।

(घ) परियत्ति सभाको सदस्य बनेर ।

(ङ) विद्यार्थीहरूलाई पाठ्यपुस्तक तथा स्टेशनरीका सामानहरू उपलब्ध गराई हौसला बढाएर ।

(च) आ-आफ्ना बाल-बालिकाहरूलाई पायक पर्ने केन्द्रमा परियत्ति शिक्षा पढ्न दिएर ।

## बु. सं. २५४७ को पुरस्कार वितरण कार्यक्रम सम्पन्न

*बौद्ध जन विहार परियत्ति केन्द्र, सुनागुठी*

मिति २०६१ श्रावण ३० गते बौद्ध जन विहार परियत्ति केन्द्र, सुनागुठीमा बु.सं. २५४७ को बौद्ध परियत्ति कक्षामा उत्तीर्ण भएका छात्र-छात्राहरूलाई अमरज्योती कसाः (स्व. ज्ञानज्योति कसाःका सुपुत्र) बाट प्रेरणा पुरस्कार प्रदान गर्ने कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा अग्रधर्मानुदाता दिवंगत ज्ञानज्योति कसाःको पुण्य स्मृतिमा मरणानुस्मृति ध्यान एवं श्रद्धेय भन्ते गुरूमांहरूको तर्फबाट परित्राण पाठ पनि गरिएको थियो ।

*शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालय, थैना, ललितपुर*

२०६१ भाद्र १४ गते सोमबार श्री शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालयया बार्षिक उत्सव क्वचाल ।ने.बौ.प.शि.या सह-शिक्षाध्यक्ष श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरया सभापतित्वय व सम्माननीय राजपरिषदया दुजः बुद्धिराज बज्राचार्यया प्रमुख आतथ्यत्वय् वार्षिक उत्सव सम्पन्न जूगु खः ।

सुश्री सुमाञ्जली शाक्य व रूवी शाक्यं संचालन यानादीगु उगु ज्याभ्वस शिक्षालयया शिक्षक प्रविण बज्राचार्यं स्वागत भाषण, शिक्षालयया सह-सचिव एवं संचालक भाजु देवेन्द्र बज्राचार्यं प्रगति प्रतिवेदन, कोषाध्यक्ष अ. धरणी पाखें आर्थिक प्रतिवेदन, केन्द्राध्यक्ष श्रद्धेय भिक्षु धर्मपाल महास्थविरं धन्यवादज्ञापन बिया सभा क्वचागु खः ।

उगु ज्याभ्वःस श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर, श्रद्धेय भिक्षु धर्मपाल महास्थविर, श्रद्धेय भिक्षु धर्मगुप्त, सम्माननीय बुद्धिराज बज्राचार्य, बेखारत्न शाक्य, डा. चन्द्रेशरत्न तुलाधर, दानरत्न शाक्य आदिपिसं परियत्ति परीक्षास बोर्ड वःपिं व उत्तीर्ण जूपिं विद्यार्थीपिन्त प्रेरणा पुरस्कार बिया बिज्यागु खः । अथे हे परियत्ति विद्यार्थीपिन्त बौद्ध नृत्य तथा चित्रकला प्रतियोगिताय् सहभागी चित्र नं प्रदर्शनी याःगु खः ।

थुगु केन्द्रं थुगु वर्षनिसें प्रत्येक वर्ष छम्ह गरीब तथा जेहेन्दार परियत्ति विद्यार्थीयात प्रज्ञानन्द छात्रवृत्ति बिइगु घोषणा यात । थुगु घोषणा अनुसार थुगु दाय् परियत्ति कक्षा ४ स अध्ययनर त विद्यार्थी सुश्री सविता अवालेयात "प्रज्ञानन्द छात्रवृत्ति" प्रदान यात । थुगु दानिसें थुगु परियत्ति शिक्षालयस अध्ययनरत स्वम्ह गरीब तथा जेहेन्दार विद्यार्थीपिन्त "शाक्य छात्रवृत्ति" प्रदान यायेगु घोषणा श्री ठाकुरमान शाक्यं याना दिल ।

*सिद्धिमंगल बुद्ध विहार परियत्ति केन्द्र, थसि, ललितपुर*

मिति २०६१ असोज ११ गते सोमबार सिद्धिमंगल बुद्ध विहार परियत्ति केन्द्र, थसिमा बु.सं.२५४७ वर्षको परीक्षामा उत्तीर्ण विद्यार्थीहरूलाई राजपरिषदका सदस्य सम्माननीय श्री बुद्धिराज बज्राचार्यको प्रमुख आतिथ्यत्वमा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा ने.बौ.प.शि. व्यवस्थापन समितिका सह-संयोजक श्री ठाकुरमान शाक्य, विष्णुरत्न शाक्य, शान्तरत्न

शाक्य, बखतबहादुर चित्रकार, अष्टमान महर्जन आदिहरूले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो । श्री मंगलदास महर्जनले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रममा श्री बुद्धि बहादुर महर्जनले धन्यवादज्ञापन गर्नुभएको थियो भने विद्यार्थीहरू राजेश महर्जन तथा सबिना महर्जनले कार्यक्रम संचालन गर्नुभएको थियो । सोही कार्यक्रममा श्री ठाकुरमान शाक्यले उक्त परियत्ति केन्द्रमा अध्ययनरत गर्दै रहेका सरकारी विद्यालयमा अध्ययन गर्ने गरिब तथा जेहेन्दार तीनजना विद्यार्थीहरूलाई छात्रवृत्ति दिने घोषणा गर्नुभएको थियो ।

### सुवर्ण छत्रपुर विहार परियत्ति केन्द्र, लुभु, ललितपुर

सुवर्ण छत्रपुर विहार परियत्ति केन्द्र, लुभु, ललितपुरमा गत २०६१ असोज १६ गतेका दिन बु.सं.२५४७ वर्षको वार्षिक परीक्षामा उत्तीर्ण विद्यार्थीहरूलाई ने.बौ.प.शि.का सह-शिक्षाध्यक्ष श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरको प्रमुख आतिथ्यमा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भयो । श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर समक्ष पञ्चशील प्रार्थना गरी शुरु भएको उक्त कार्यक्रममा विहारका सचिव रामगोपाल सिंहले स्वागत भाषण, केन्द्राध्यक्ष त्रिरत्न मानन्धरले परियत्ति कक्षाको प्रतिवेदन पेश गर्नुभएको थियो । विहारका अध्यक्ष पूर्णमान महर्जनको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा बखतबहादुर चित्रकार, विष्णु शाक्य, लोकबहादुर शाक्य र कृष्णगोपाल श्रेष्ठले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो ।

### ज्योति विहार परियत्ति केन्द्र, चापागाउँ

मिति २०६१ कार्तिक ९ गते । ज्योति विहार परियत्ति केन्द्र, चापागाउँमा एक समारोहका बीच यस केन्द्रका संस्थापक अनागारिका ञाणवतीको प्रमुख आतिथ्यमा बु.सं. २५४७ वर्षको परीक्षामा उत्तीर्ण विद्यार्थीहरूलाई पुरस्कार वितरण कार्य सम्पन्न भयो । उक्त कार्यक्रममा भिक्षु कोण्डन्य, सुश्री अमिता धाख्वा, अ.ञाणवती, बासुदेव देशार तथा विद्यार्थीहरू गोपी तामाङ्ग र वीणा श्रेष्ठले आ-आफ्ना विचारहरू राख्नुभएको थियो । ज्योतिदय संघका सल्लाहकार श्री नील ब. देशारको सभापतित्वमा संचालन भएको उक्त कार्यक्रममा शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालयको तर्फबाट बौद्ध नृत्य प्रस्तुत गरिएको थियो । धन्यवाद ज्ञापन केन्द्राध्यक्ष श्री रामेश्वर देशार, स्वागत भाषण सुश्री गंगालक्ष्मी महर्जन र कार्यक्रम संचालन श्री राजेश देशारले गर्नुभएको थियो ।

### परियत्ति शिक्षाको लागि विशेष सहयोग

...ेय भिक्षु बुद्धघोष महास्थविरले श्री आर. बि. बन्द्यज्यूद्वारा अनुदित "जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग" पुस्तक २०० वटा ने.बौ.प.शि. लाई सहयोग स्वरुप प्रदान गर्नुभएको छ । त्यस्तै कुपण्डोल, ललितपुरका सुश्री सुवर्ण कुमारी बज्राचार्यले नेपाल बौद्ध परियत्ति शिक्षाको विकास र वृद्धिको लागि विशेष सहयोग स्वरूप रु. १०,०००/- र बेखामाया खड्गी, कुम्भेश्वरबाट परियत्ति पुरस्कार वितरणको लागि रु. ५,००/- सहयोग प्रदान गर्नुभएको छ ।

## विविध समाचार

### विभिन्न विद्यालयमा परियत्ति कक्षा संचालन

यस वर्ष काठमाडौं उपत्यकाका विभिन्न सरकारी तथा निजी विद्यालयहरूमा परियत्ति कक्षा संचालन भएको छ । ती विद्यालयहरूको नाम तथा उक्त विद्यालयहरूमा कक्षा संचालनको लागि गइरहेका शिक्षक/शिक्षिकाहरूको नामावली यसप्रकार रहेको छः-

| विद्यालयको नाम | शिक्षक/शिक्षिकाको नाम |
|---|---|
| १. श्री कन्या मन्दिर उच्च मा.बि., न्ह्योखा, काठमाडौं | श्री त्रिरत्न मानन्धर र श्री बासुदेव देशार |
| २. दरबार हाइस्कूल, रानीपोखरी | सुश्री सीता तण्डुकार |
| ३. ललित विकास नि.मा.वि., कुटीसौगल, ललितपुर | सुश्री जरीना बज्राचार्य र सुश्री अन्जु शाक्य |
| ४. DAV School, Jawalakhel, Lalitpur | सुश्री दया खड्गी, सुश्री ललिता धाख्वा, सुश्री शान्ति महर्जन र श्री अमीर शाक्य |
| ५. कान्ति माध्यामिक विद्यालय, क्षेत्रपाटी | सुश्री सुजाता मानन्धर र श्री त्रिरत्न मानन्धर |
| ६. आदर्श सरल माध्यामिक विद्यालय, नागबहाल | अ.सुजाता, अ.धम्माचारी, अ.अमरावती, अ.चारूञाणी र अ.सुनीता |

### टाइवानबाट बौद्ध परियत्ति शिक्षाका पाठ्यपुस्तकहरू प्रकाशित

हालैमात्र टाइवानबाट ने.बौ.प.शि.का प्रवेश प्रथम वर्ष र द्वितीय वर्षका पाठ्यपुस्तकहरू एउटै पुस्तकाकारमा प्रकाशित भई सुखी होतु नेपालको व्यवस्थापनबाट नेपालमा आइपुगेको छ । मिति २०६१ कार्तिक १६ गते शान्ति विहारमा बसेको नेपाल बौद्ध परियत्ति शिक्षा परिषद्को बैठकले निर्णय गरेअनुसार उक्त पुस्तकहरू ढुवानी तथा ने.बौ.प.शि.को सहयोगार्थ रू.४०/- मा बिक्रि वितरण गर्ने भएको छ ।

स्मरणीय छ, यसभन्दा अघि ती कक्षाका पुस्तकहरू ३/३ भागमा नेपालका विभिन्न दाताहरूबाट आर्थिक भार बहन गरी प्रकाशित भएको थियो ।

### नेपाल बौद्ध परियत्ति शिक्षाको योगदानबारे शोधग्रन्थ तयार

त्रिभुवन विश्वविद्यालय अन्तर्गत बौद्ध अध्ययन केन्द्रिय विभागको PGD Buddhist Studies तहमा नेपाल बौद्ध परियत्ति शिक्षाको योगदानलाई लिएर बौद्ध परियत्तिका शिक्षिका सुश्री सबिता धाख्वा "शाक्य"ले "The contributions of Nepal Bauddha Pariyatti Education in Buddhism" विषयक शोध प्रबन्ध (Dissertation) प्रस्तुत गर्नुभएको छ । उहा नेपाल बौद्ध परियत्ति शिक्षाको व्यवस्थापन समिति तथा शिक्षक/शिक्षिका शिक्षण समितिका सदस्य पनि हुनुहुन्छ ।

## सहशिक्षाध्यक्ष म्यानमार् प्रस्थान

मिति २०६१ कार्तिक १८ गते बुधबार । ने.बौ.प.शि.का सहशिक्षाध्यक्ष श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर मलेशियनहरूद्वारा सम्पन्न हुने कथिनोत्सव तथा धार्मिक यात्राको सिलसिलामा म्यानमार प्रस्थान गर्नुभएको छ।

उहाँसँगै विश्व शान्ति बौद्ध शिक्षालयमा अध्ययनरत श्रामणेरहरू क्रमश: आचारो, अमतो, बुद्धपियो (तीनजना त्रिपिटकधर यो सयादोको यांगुनस्थित महाविशुद्धाराम विहारमा) र विमलो (पण्डिताराम ध्यान केन्द्रमा) बुद्धधर्मको उच्च शिक्षा अध्ययन गर्नको लागि म्यानमार् प्रस्थान गर्नुभएको छ। साथमा अनागारिका उत्पलवर्णा पनि जानुभएको थियो।

## अध्ययन भ्रमण सम्पन्न

काभ्रेको रानीपानी परियत्ति केन्द्रका १० जना विद्यार्थीहरूबाट गत कार्तिक २० गते विश्व शान्ति बौद्ध शिक्षालयमा तथा २१ गते शनिबार शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालयमा परियत्ति शिक्षाको अध्ययन भ्रमण सम्पन्न भयो। उक्त केन्द्रका संयोजक तथा समाजसेवी ई. श्री दिनेश चौधरीको नेतृत्वमा आएको उक्त भ्रमण कार्यक्रममा विश्व शान्ति बौद्ध शिक्षालयका सुपरिपेक्षक भिक्षु बोधिज्ञानले ध्यान भावना विषयमा तथा भिक्षु कोण्डन्यले परियत्ति शिक्षाको महत्व बारेमा कक्षा लिनुभएको थियो भने शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालयमा २१ कार्तिक शनिबारको दिन बिहान अफिस संचालक श्री देवेन्द्र बज्राचार्यले कार्यालय संचालन तथा उक्त शिक्षालयको गतिविधि बारेमा जानकारी दिनुभएको थियो। साथै विभिन्न तहका कक्षामा प्रत्यक्ष अवलोकन गराउनुभएको थियो। उक्त कार्यक्रम ने.बौ.प.शि. सम्पर्क सचिवालयको समन्वयमा भएको थियो।

## लुम्बिनी परियत्ति केन्द्रहरूमा पुरस्कार तथा प्रमाणपत्र वितरण हुने

यही आउँदो २०६१ मंसिर १४, सोमबारका दिन अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित नेपाल बौद्ध परियत्ति शिक्षा अन्तर्गत लुम्बिनी केन्द्रका गौतमी विहार, मधुवनी नि.मा.वि. एवं बुद्ध आदर्श मा.वि.केन्द्रका परियत्ति विद्यार्थीहरूलाई माननीय पर्यटन तथा नागरिक उड्यन मन्त्री श्री दीप कुमार उपाध्यायको प्रमुख आतिथ्यमा पुरस्कार तथा प्रमाणपत्र वितरण गरिने भएको छ। जानकारीमा आएअनुसार अ. धम्मवतीको सभापतित्वमा अ. सुजाताले विहार सम्बन्धी विवरण सुनाउनुहुने कार्यक्रम रहेको छ।

## परियत्ति शिक्षाको भित्तेपत्रिका "परियत्ति सन्देश" प्रकाशित

२०६१ आश्विन ३०, शनिवार । संघाराम बौद्ध परियत्ति शिक्षा केन्द्रबाट विद्यार्थीहरुकै सम्पादनमा अनि विद्यार्थीहरुकै विविध लेखरचनाहरु, कविताहरु, कथाहरु, रोचक जानकारीहरु अनि चित्रहरुले सजिएर महिना महिनामा प्रकाशित हुदै आइरहेको भित्तेपत्रिका "परियत्ति सन्देश" को तेस्रो अंक सार्वजनिक भएको छ। यस भित्तेपत्रिकाका प्रधान सम्पादकमा केन्द्राध्यक्ष भिक्षु संघरक्षित हुनुहुन्छ भने सम्पादकहरु परियत्ति ४ कक्षाका विद्यार्थीहरु बिनिता बुद्धाचार्य र रोजिता बुद्धाचार्य हुनुहुन्छ।

## शान्तिवनमा परियत्ति केन्द्रको शैक्षिक भ्रमण

२०६१ आश्विन ९ गतेका दिन यस संघाराम बौद्ध परियत्ति शिक्षाका परियत्ति विद्यार्थीहरुलाई गोदावरीको शान्तिवनमा निर्मित विशाल बुद्धमूर्तिमा शैक्षिक भ्रमण सम्पन्न भयो। शान्तिवनको विशाल बुद्धमूर्तिको दर्शन पूजन पश्चात् गोदावरीको कुण्ड, वनस्पति-पार्क आदि विविध क्षेत्रको पनि अवलोकन भएको थियो।

## परियत्ति केन्द्रमा चित्रकला प्रतियोगिता तथा बालकथासंग्रह विमोचन

२०६१ आश्विन २, शनिवार । संघाराम बौद्ध परियत्ति शिक्षा केन्द्रमा विद्यार्थीहरुबीच महिना महिनामा हुँदै आएको अतिरिक्त क्रियाकलाप अन्तर्गत यस दिन चित्रकला प्रतियोगिता सम्पन्न भयो। बरिष्ठ कलाकार चिनिकाजी ताम्राकारको प्रमुख आतिथ्यमा सम्पन्न उक्त चित्रकला प्रतियोगितामा जम्मा ९ जना विद्यार्थीहरुले बुद्धको जन्म, बुद्धत्व प्राप्ति, धर्मचक्रप्रवर्तन तथा महापरिनिर्वाण विषयमा त्यहीं बसी केहीं पनि नहेरिकन चित्र बनाएको थियो। कलाकार चिनिकाजीको निर्णयअनुसार ४ कक्षाकी बिनिता बुद्धाचार्यलाई प्रथम र ५ कक्षाकी साबित्री महर्जनलाई द्वितीयको रुपमा पुरस्कार तथा प्रमाणपत्र वितरण गरियो। उक्त कार्यक्रम केन्द्राध्यक्ष भिक्षु संघरक्षितको सभापतित्व सम्पन्न भएको थियो।

चित्रकला प्रतियोगिताको लगत्तै केन्द्राध्यक्षबाट बौद्ध जातकका कथाहरुलाई रोचक तथा चित्रहरुसमेत समावेश गरी तयार पारिएको बालकथासंग्रह "छट्टू स्याल र लोभी ब्राहमण" समारोहका प्रमुख अतिथि चिनिकाजी ताम्राकारबाट बिमोचन गर्ने काम पनि भयो। मोनाज अफसेट प्रेश परिवारबाट धर्मदानस्वरुप मुद्रण गरिएको उक्त बालकथासंग्रह ४८ पृष्ठमा ८ वटा जातककथाहरु समावेश भएको र रंगीन कलेवरमा सजिएको छ। अर्को बालकथासंग्रह प्रकाशनार्थ सहयोगस्वरुप मूल्य रु. १२ राखिएको उक्त पुस्तक सत्यसन्देश प्रचारक प्रकाशनको २६ औं तथा बौद्धिक बालप्रकाशनको दोस्रो कृति हो। स्मरणीय छ, यस अघि पनि यस प्रकाशनबाट "बुद्ध र आलवक राक्षस" नामक बालकथासंग्रह यसै परियत्ति केन्द्रबाट वार्षिक परीक्षामा बोर्ड प्रथम र बोर्ड द्वितीय ल्याउने बिनिता बुद्धाचार्य र रोजिता बुद्धाचार्यबाट संयुक्तरुपमा बिमोचन भएको थियो।

## सद्धम्म कोविद उपाधि उत्तीर्ण विद्यार्थीहरूलाई स्वर्णपदक प्रदान गरिने

नेपाल बौद्ध परियत्ति शिक्षाको "परियत्ति सद्धम्म कोविद" उपाधि उत्तीर्ण गरिसकेका विद्यार्थी तथा उत्तीर्ण हुनेहरूलाई सम्मान स्वरूप श्रद्धालु दाताहरू द्वय धर्मरत्न शाक्य 'त्रिशुली' र जुजुभाइ तुलाधर, ज्ञानेश्वरले १०८ वटा स्वर्णपदक प्रायोजन गरिदिने भएको छ। उक्त स्वर्णपदक प्रत्येक वर्ष प्रधान केन्द्रबाट आयोजना गरिने दीक्षान्त समारोहका दिनमा ने.बौ.प.शिक्षाका शिक्षाध्यक्ष, सह-शिक्षाध्यक्ष अथवा भिक्षु महासंघका अध्यक्षमध्ये उक्त अवस्थामा उपयुक्त व्यक्तिको हातबाट कोविद उपाधि प्राप्त विद्यार्थीपिहरूलाई प्रदान गर्ने भएको छ।

## अनुरोध

तपाईंको परियत्ति केन्द्रहरुको विविध गतिविधिहरुका समाचारहरु, परियत्ति शिक्षासँग सम्बन्धित लेख, रचनाहरु सफा र स्पष्ट अक्षरमा परियत्ति सम्पर्क सचिवालयमा पठाइ सहयोग गरि दिनु हुन बिनम्र अनुरोध गरिन्छ ।

थः मस्तयेत बौद्ध परियत्ति शिक्षा ब्वंका नैतिकवान् ,
सच्चरित्रवान् यानादिसँ, थः न मेपित न
भि जुइगु कर्म यानादिसँ ।

नेपाल बौद्ध परियत्ति शिक्षा

### सुखी होतु नेपालको प्रशंसनीय कार्य


नेपाल बौद्ध परियत्ति शिक्षाको पाठ्यपुस्तकहरू सुलभ तरीकाले सबै विद्यार्थीहरूले प्राप्त गर्न सकून् भन्ने उद्देश्यले सुखी होतु नेपालद्वारा अहिलेसम्म प्रारम्भिक प्रथम, द्वितीय र तृतीय वर्षको संयुक्तरूपमा तथा त्यस्तै गरेर प्रवेश प्रथम वर्षका तीनवटा र प्रवेश द्वितीय वर्षका तीनवटा पुस्तकहरू संयुक्तरूपमा एउटा एउटा गरी टाइवानको The Corporate Body of the Buddha Educational Foundation बाट प्रकाशन गराई नेपालसम्म ल्याइपुऱ्याई अत्यन्त प्रशंसनीय कार्य गर्नुभएकोमा सुखी होतु नेपालका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरु धन्यवादको पात्र हुनु भएका छन् । भविष्यमा पनि यस्तै प्रकारको सहयोग र सदभावको अपेक्षा नेपाल परियत्ति बौद्ध परियत्ति शिक्षाले लिएको छ ।

---

### विभिन्न वर्षमा बौद्ध परियत्ति शिक्षाका विद्यार्थीहरू

विगत ११ वर्षको बौद्ध परियत्ति शिक्षामा उत्तीर्ण विद्यार्थीहरूको तथ्यांकहरूलाई मूल्यांकन गरेर हेर्दा परियत्तिका विद्यार्थीहरु पहिलाको वर्षहरूमा भन्दा अहिलेको वर्षहरूमा वार्षिक परीक्षामा सामेल भई उत्तीर्ण हुनेहरूको संख्या क्रमशः बढ्दै गएको पाइन्छ । बौद्ध परियत्ति शिक्षाको स्थापना वर्ष (बि.सं.२०१९) मा अनागारिका सुशीला, धर्मरत्न शाक्य 'त्रिशुली' र छत्रराज शाक्य गरी तीनजना मात्र विद्यार्थीहरू थिए । पछि गएर यस शिक्षालाई व्यवस्थितरूपमा अध्ययन(अध्यापन गराउने उद्देश्यले "अखिल नेपाल भिक्षु महासंघ" द्वारा संचालन गरी "नेपाल बौद्ध परियत्ति शिक्षा" को नामले बु.सं. २५०७ (बि.सं. २०२०) मा परिवर्तन भयो, जुन समयमा १५८ जना विद्यार्थीहरू रहेको देखिन्छ । परियत्तिको इतिहासमा अहिलेसम्म सबैभन्दा बढी विद्यार्थीहरूले आवेदन फाराम आएको वर्ष बु.सं. २५४६ (बि.सं. २०६०) मा रहेको छ । यस वर्ष जम्मा १५०१ जनाले फाराम भरेको तथा १०४४ जना विद्यार्थी उत्तीर्ण भएको थियो ।

विगत ११ वर्षको अवधिमा भएको उत्तीर्ण विद्यार्थीहरूको (प्राइभेटसमेत) संख्या यसप्रकारको रहेको छः-



## स्थापनाकालदेखि हालसम्म "परियत्ति सद्धम्म कोविद" उपाधि तह पूर्ण गरिसकेका परियत्ति व्यक्तित्वहरू:

| क्र.सं. | नाम | ठेगाना | उत्तीर्ण साल | श्रेणी | फोन नं. |
|---|---|---|---|---|---|
| १. | दि. अनागारिका सुशीला | तनबहा, ललितपुर | २०२९ | द्वितीय | |
| २. | दि. ज्ञानबज्र बज्राचार्य | डिल्लीबजार, काठमाडौं | २०३० | तृतीय | |
| ३. | अनागारिका उत्पलवर्णा | शान्ति सुखावास, चाकुपात | २०३४ | द्वितीय | २१२२००८ |
| ४. | अमिता धाख्वा | नागबहाल, ललितपुर | २०३७ | प्रथम | ५५३७८६० |
| ५. | अनागारिका अनुपमा | धर्मकीर्ति विहार, काठमाडौं | २०४० | द्वितीय | ४२५९४६६ |
| ६. | अनागारिका धम्मदिन्ना | धर्मकीर्ति विहार, काठमाडौं | २०४० | तृतीय | ४२५९४६६ |
| ७. | रमिता धाख्वा | भैंसेपाटी, ललितपुर | २०४१ | प्रथम | ५५५०३८० |
| ८. | अनागारिका ञाणवती | प्रज्ञानन्दाराम विहार, ओकुबहाल | २०४२ | प्रथम | ५५२३०६५ |
| ९. | अनागारिका सुजाता | नकबहिल, ललितपुर | २०४२ | प्रथम | ५५३३१९१ |
| १० | वेदकुमारी शाक्य | कुम्भेश्वर, ललितपुर | २०४२ | प्रथम | ५५२९०३५ |
| ११. | अनागारिका अनोजा | सुलक्षणकीर्ति विहार, चोभार | २०४२ | द्वितीय | ४३३१७१८ |
| १२. | दि. सरला अमात्य | ओकुबहाल, ललितपुर | २०४२ | द्वितीय | |
| १३ | दि. अनागारिका रूपावती | धर्मकीर्ति विहार, काठमाडौं | २०४२ | तृतीय | |
| १४. | अनागारिका निक्खमी | इलायबही, ललितपुर | २०४६ | तृतीय | ५५३१७१५ |
| १५. | अ. जयवती (मंगलदेवी शाक्य) | धर्मकीर्ति विहार, काठमाडौं | २०४६ | द्वितीय | ४२५९४६६ |
| १६. | त्रिरत्न मानन्धर | चसादँ, काठमाडौं | २०४६ | बोर्ड प्रथम | ४२६१२०९ |
| १७. | सुदर्शना दर्शनधारी | कालीमाटी , काठमाडौं | २०५० | द्वितीय | ४२८३३७३ |
| १८. | अनागारिका श्रद्धावती | शंखमूल, काठमाडौं | २०५० | द्वितीय | ४७८१०८१ |
| १९. | भिक्षु बोधिज्ञान | विश्वशान्ति विहार, काठमाडौं | २०५२ | द्वितीय | ४८२९८४ |
| २०. | दया खड्गी | कुमारीपाटी, ललितपुर | २०५३ | द्वितीय | ५५३८३५७ |
| २१. | महेन्द्ररत्न शाक्य | सिन्चाहिटी, ललितपुर | २०५३ | द्वितीय | ५५३१५८० |
| २२. | निर्मला शाक्य | नकबहील, ललितपुर | २०५३ | द्वितीय | ५५३४८६९ |
| २३. | सरिता अवाले | खपिंछें, ललितपुर | २०५४ | द्वितीय | ५५४१२१४ |
| २४. | अनागारिका अभया | चंकिटोल, ललितपुर | २०५४ | द्वितीय | |
| २५. | अनागारिका चन्द्रशीला | प्रणिधिपूर्ण विहार,बलम्बु, | २०५४ | द्वितीय | ४३१०५९२ |
| २६. | अ. धजवती (कुसुम) | बसुन्धरा धर्मकीर्ति विहार, | २०५४ | बोर्ड प्रथम | ४३५४२५१ |
| २७. | धर्मराज बज्राचार्य | ओमबहाल ,ललितपुर | २०५४ | द्वितीय | |
| २८. | रीना तुलाधर | नक्साल, काठमाडौं | २०५६ | द्वितीय | ४४३४६६३ |
| २९. | अ. मुदिता | प्रणिधिपूर्ण विहार,बलम्बु | २०५७ | द्वितीय | ४३१०५९२ |
| ३०. | अ. मिना | श्रीकीर्ति विहार, कीर्तिपुर | २०५७ | तृतीय | ४३३०८३६ |
| ३१. | बासुदेव देसार | चापागाउँ, ललितपुर | २०५८ | द्वितीय | ५५७२४६१ |
| ३२. | अ. खमेसी | गौतमी विहार, लुम्बिनी | २०५८ | तृतीय | ०७१-५८०११७ |
| ३३. | भिक्षु संघरक्षित | संघाराम विहार, ढल्को, क्षेत्रपाटी | २०५९ | बोर्ड प्रथम | ४२१६०११ |
| ३४. | शकुन्तला प्रधान | ठमेल, काठमाडौं | २०५९ | द्वितीय | २०४१०२४ |
| ३५. | शान्ति महर्जन | त्यौद, काठमाडौं | २०५९ | बोर्ड द्वितीय | ४२६०७५४ |
| ३६. | शर्मिला प्रजापति | ज्याठा, काठमाडौं | २०५९ | द्वितीय | ४२५६९८१ |
| ३७. | सारती नेवा: | लाजिम्पाट, काठमाडौं | २०६० | द्वितीय | ४४६९५५९ |
| ३७. | सारती नेवा | लाजिम्पाट, काठमाडौं | २०६० | द्वितीय | ४४६९५५९ |

# परीक्षा तालिका

प्रारम्भिक प्रथम वर्ष (कक्षा-१) देखि प्रवेश तृतीय वर्ष (कक्षा-६) सम्म

परीक्षा दिन:- २०६१ माघ ९ गते देखि २०६१ माघ १२ गते सम्म

समयं :- विहान ७:०० बजेदेखि १०:०० बजेसम्म

| कक्षा | ९ गते शनिवार | १० गते आइतबार | ११ गते सेमबार | १२ गते सेमबार |
|---|---|---|---|---|
| १. प्रारम्भिक प्रथम वर्ष | प्रथम पत्र | | | |
| २. प्रारम्भिक द्वितीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | | |
| ३. तृतिय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | | |
| ४. प्रवेश प्रथम वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | |
| ५. प्रवेश द्वितिय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | |
| ६. प्रवेश तृतीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र |

उपाधि परीक्षा (कक्षा-७) देखि कोविद अन्तिम वर्ष (कक्षा-१०) सम्म

परीक्षा दिन :- २०६० माघ १६ गते देखि २०६० माघ २६गते सम्म

समय :- विहान ७:०० बजेदेखि १०:०० बजेसम्म

| कक्षा | १६ गते शनिवार | १८ गते सेमबार | २० गते बुधवार | २२ गते शुक्रबार | २४ गते आइतवार | २६ गते मंगलवार |
|---|---|---|---|---|---|---|
| ७. उपाधि परीक्षा | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | |
| ८. कोविद प्रथम वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |
| ९. कोविद मध्यम वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |
| १० कोविद अन्तिम वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |

## सूचना:

यस परियत्ति बुलेटीन प्रत्येक तीन तीन महिनामा प्रकाशित हुने भएको हुँदा परियत्ति शिक्षाप्रति माया र सद्भाव राख्नु हुने श्रद्धालु दाता महानुभावहरुले एक एक अंक प्रायोजन गर्न चाहनु भएमा यस नेपाल बौद्ध परियत्ति शिक्षाको सम्पर्क सचिवालयमा सम्पर्क राख्नु हुन सादर अनुरोध गरिन्छ।

सहयोगार्थ रु ५/- मात्र

नेपाल बौद्ध परियत्ति शिक्षाको सम्पर्क सचिवालयबाट प्रकाशित, ठेगाना: विश्व शान्ति विहार, मीनभवन, काठमाडौं
पो.ब.नं - ८९७३, एन.पी.सी. - ३२७, फोन नं. ४-४८२९८४/४-४८२२५० (+Fax)
सम्पादक : भिक्षु बोधिज्ञान, प्रवन्ध सम्पादन : त्रिरत्न मानन्धर सम्पादन सहयोगी : बासुदेव देशार विशेष सहयोगी : भिक्षु संघरक्षित
कम्प्युटर सेटिङ्: कर्ण देशार, छपाइं : स्वनिगः प्रिन्ट हाउस, बाङ्गेमुढा, काठमाडौं, फोन नं.४-२५४०६०